३१×४०×१५

# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ३ ] काठमाडौं फाल्गुन ११ गते २०१० साल [ संख्या २७

## भाग १

## कानूनमन्त्रालयको विज्ञप्ति

ल. कमिशनसम्बन्धी

संख्या १४२१ ८–११–२०१०

'नेपाल अन्तरीम शासन विधान, २००७' को दफा २ मा प्रचलित ऐन सवाललाई सकभर चाँडै र अबउप्रान्त बनाइने ऐनसमेत सोही शासन विधानको भाग २ मा उल्लिखित राज्य-नीतिका निर्देशक सिद्धान्तमा ढाल्ने राज्यको लक्ष्य हुनेछ, भन्ने लेखिएकोले हाम्रो प्रचलित ऐन सवाल सनद् गैन्ह छानबीन गरी के कति कुरा उपर्युक्त निर्देशक सिद्धान्तसँग बाझिन आउँछ र देशको वर्तमान आवश्यकताको पूर्तिका लागि कतिपय ऐन बाझिएको अंश तुरुन्तै र कति क्रमशः खारेज और संशोधन गर्न मनासीब पर्ला, त्यस कुराको छलफल ठहर गरी र हाम्रो देशमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

१८६०

ऐलेसम्म नभएको, तर प्रजातन्त्र नेपालको आवश्यकताअनुसार बनाउनुपर्ने नयाँ ऐनको तर्जुमासमेत गरी र एकै विषयको कुरा एकै ठाउँमा नरही विभिन्न स्थानमा कुनै ऐनको, कुनै सवालको र कुनै सनदको रूपमा रहेको हुँदा सो सबै ऐन, सवाल, सनदहरू एकत्रित गरी अन्तरीम शासन विधान–अनुरूप तुल्याउन आवश्यक छानबीन र विवेचना गरी प्रजातान्त्रिक रूपरंग दी सबै ऐन कानूनको वैज्ञानिक ढंगले कोडिफिकेशन गरी सरकारमा शिफारिस पेश गर्ने कानूनमन्त्रालयको रेख-देखमा देहायको मद्दत बमोजिम ठेकी देहायको कार्यप्रणालीबाट काम गर्ने गराउने गरी एउटा ल. कमिशन खडा गर्ने २०१०।६।१६ को मन्त्रिमण्डल—बैठकबाट निर्णय भएको हुनाले सरोकारवाला सबैका लागि यो विज्ञप्ति प्रकाश गर्ने काम भएको छ, योबमोजिम गर्नु गराउनुहोला :—

१. ल. कमिसनमा १ जना चेयरम्यान र हाललाई ६ जना सदस्य रहनेछन्। काम सुचारु रूपले चलाउन औ शीघ्रातिशीघ्र काम तामेल गर्ने गराउनलाई ल. कमिशन तपसीलमा लेखिएबमोजिम तीन सेक्सनमा बाँडिनेछ।

तपसील

१. देवानीविषयक ऐन, सवाल, सनदको सेक्सन।
२. फौजदारीविषयक ऐन, सवाल, सनदको सेक्सन।
३. मालको सवाल, अड्डा अड्डालाई भएका सवाल र त्यस्ता अपील-विषयक सवाल, सनदको सेक्सन।

२. हरएक सेक्सनमा प्रचलित ऐन, सवाल, सनदमा पोख्त एकजना अनुभवी व्यक्ति र विदेशी ऐनको र नेपाली प्रचलित ऐन, सवाल, सनदको समेत तुलनात्मक एवं व्यावहारिक ज्ञान भएका एकजना ल. ग्रेजुएट रहनेछन्।

३. ल. कमिशनमा एकजना सेक्रेटरी मुकरर हुनेछ। निजको काम कमिशनको विभिन्न सेक्सनहरूले तयार गरेका काम साधारण सभामा पेश गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

९३०

साधारण सभा बोलाउने र कमिशनको निमित्त जो चाहिने सामग्री सङ्कलन एवं प्राप्य गर्ने गराउने औ प्रशासकीय रेखदेख गर्ने–हुनेछ । सर्वसाधारणको राय बुझी बिच बिचमा कमिशनको विचारको निमित्त पाएसम्मको खबर दिइरहने पनि सेक्रेटरीको कर्तव्य हुनेछ ।

४. ४—४ महिनाको पटक गरी कमिशनले ३ वर्षसम्मका काम तामेल गरी आफ्नो रिपोर्ट सरकारछेउ पेश गरिसक्नुपर्छ ।

५. काम परेका बखत वा केही बुझ्नुपर्ने भएमा ल. कमिशनले जुनसुकै सरकारी वा गैर सरकारी व्यक्तिलाई र प्रधान न्यायालय र सोमातहतका गैन्ह अड्डा अदालत र अरू जुनसुकै विभागबाट चाहिएको कागजपत्र मिसील आदि झिकाउन मगाउन सक्नेछ । सबै अड्डा अदालतहरूले पनि ल. कमिशनले मागेको कागजात पठाइदिनुपर्छ ।

६. विभिन्न सेक्सनको काममा पारस्परिक संपर्क रहिरहने हुँदा हरएक सेक्सनले आफूले गरेको सुझाव, मसौदा, तर्जुमा आदि साधारण सभामा पेश गरिसकेपछि मात्र निर्णय लिइनेछ । काम कुरामा प्रधान न्यायालयसँग पनि कमिशनले संपर्क राख्नेछ ।

७. जरूरतअनुसार महिनाको २ पटकमा नघटाई साधारण सभा गर्ने र सो साधारण सभामा मुकर्रर भएका सबै मेम्बरको अलावा देहायबमोजिमका अरू अफिसर र सम्बन्धित विषयमा अरू विशेषज्ञहरूलाई समेत राखी साधारण सभा गर्ने गर्नुपर्छ । लेखिएबमोजिमका विशेषज्ञहरू सेक्सन सेक्सनबाट लेखिआएबमोजिम सेक्रेटरीले निजहरूलाई उपस्थित गराउने प्रबन्ध मिलाउनेछन् । सेक्सनले सेक्रेटरीलाई लेख्ता ४ दिनअगावै लेख्नुपर्छ ।

प्राधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

१. प्रधान न्यायाधीश वा अरू न्यायधीशमध्ये — एक.

२. एटर्नी जनरल.

३. एकाउन्टेन्ट जनरल.

४. कानून-सेक्रेटरी.

५. गृह-सेक्रेटरी.

नोटः— साधारण सभा चालू गर्नेलाई माथि लेखिएका अफिसरहरूमध्ये कमसेकम ३ जना र मेम्बरहरूमध्ये कमसेकम ५ जना उपस्थित हुनैपर्छ ।

८. कुनै कारणवश, चेयरम्यान सभामा उपस्थित हुन नसकेका बखत न्यायाधीश वा एटर्नी जनरल वा कानून—सेक्रेटरीले सो सभापतिको पद ग्रहण गर्नेछन् ।

९. माथि दफा दफामा लेखिएको कार्यक्रमको रूपरेखाबमोजिम काम चालू गर्न उपरोक्त कुराहरूमा विरोध नपर्ने गरी कमिशनले विस्तृतरूपमा नियम बनाउन पनि सक्तछ । तर सो नियमहरू कानून मन्त्रालयबाट सदर गराई लिनुपर्छ ।

१०. यस कामको निमित्त चाहिने मेम्बरहरू राख्ता बहालवाला अफिसरहरू काजमा आउने भएमा निजहरूको साबिकको पोष्ट कायम रहनेछ र ल. कमिशनको मेम्बर भई बस्ता साबिकको पोष्टमा जे जति थप र प्रमोशन हुन आउँछ, सोही अड्डामै बसी काम गरेसरह निज मेम्बरहरूले पाउनेछन् ।

११. ल. कमिशनको स्टाफखर्च र अरू खर्चसमेत तपसीलमा लेखिएबमोजिम राखिएको छ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

तपसील

| स्टाफ | | वर्ष १ के मोहरु |
|---|---|---|
| खरीदार ३ के प्रतिमास तलब भत्ता गरी | ६७।५० ले | ३५१०। |
| जूनियर कलर्क ३ के ऐ ऐ | ५५। ले | १९८०। |
| टाइपिष्ट १ के ऐ ऐ | ७०। ले | ८४०। |
| पियन २ के ऐ ऐ | ३०। ले | ७२०। |
| सेक्रेटरीलाई जूनियर कलर्क १ के ऐ ऐ | ५५। ले | ६६०। |
| मसलन्दके | | ५००। |
| | | ८२१०। |

पटके

| | |
|---|---|
| फर्निचरके मोहरु | २०००। |
| टाइप राइटरके देशी नोट रु. | १०००। |

१२ माथि लेखिएबमोजिमको ल. कमिशन खडा गर्न निम्न लिखित व्यक्तिहरुलाई निम्न लिखित पदमा मुकरर गरी २०१०–११–३–१ का दिनदेखि सो काम चालूसमेत भएको छ।

| | |
|---|---|
| १. बडाकाजी माणिकलाल राजभण्डारी | चेयरम्यान |
| २. सदर अपील दोस्राका हाकिम प्रो. रत्नबहादुर विष्ट, एम्. ए. एल्. एल्, बी. | सदस्य |
| ३. प्रधान न्यायालयका मेम्बर प्रो. इन्द्रबहादुर- सिंह, एम. ए. एल्. एल्. बी. | ऐ |
| ४. सदर अपील पहिलाका हाकिम सुब्बा शम्भुप्रसाद ज्ञवाली, एम. ए. एल्. एल्. बी. | ऐ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

200

५. सरदार कृष्णबहादुर ऐ

६. मीर सुब्बा नूरदेव पन्त ऐ

७. मीर सुब्बा हरिबहादुर ऐ

८. प्रचार विभागका डाइरेक्टर श्रीवासुदेव शर्मा एम्. ए. बार–आएट–ल. सेक्रेटरी

आज्ञाले—

तिलकशमशेर,

सेक्रेटरी–कानून तथा संसदीय प्रबन्धमन्त्रालय.

---

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

209